भगवतीमाई गाँउपालिका

# गाउँकार्यपालिकाको कार्यालय

पगनाथ,दैलेख

कर्णाली प्रदेश नेपाल

## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशितमिति :- २०७९/०६/०४

यस कार्यालयको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरु मार्फत निशुल्क वितरण हुने आधारभूत तथा आकस्मिक सेवाको लागि औषधी तथा उपकरणहरु खरिद कार्य शिलवन्दी दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजतपत्र प्राप्त ईच्छुक फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रित पूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन (२०७९/०६/२० गते)भित्र कार्यालय समयमा नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व. २०७७/०७८ सम्मको कर चुक्ता भएको प्रमाण पत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी तपशिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयको प्रभु बैंक भगवतीमाई शाखामा रहेको आन्तरीक राजस्व खाता नम्बर १५१०१०९३२८८०००९१मा रकम जम्मा गरेको बैङ्क भौचरको Scan copy समेत वोलपत्र साथ पेश गर्नुपर्नेछ ।साथै विद्युतिय संचारको माध्ययमवाट सार्वजनिक खरिद अनुगमन कार्यालयको Double portal (www.ppmo.gov.np) मा गई दरभाउपत्र फाराम Download गरि E –biding द्धारा दरभाउपत्र दाखिला गर्नु पर्नेछ । साथै यस कार्यालयमा निवेदन दिई Hard copy खरीद गरी दाखिला समेत गर्न सकिने छ ।

२. खरिद भएका दरभाउ पत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन (२०७९/०६/२१ गते) को १२.०० बजे भित्र दर्ता गर्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २ :०० बजे यस कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।दरभाउपत्र खरीदगर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिनहुनेछ ।

३. दरभाउ पत्रका साथ जमानत बापतको तपसिल बमोजिमको रकम प्रभु बैंक भगवतीमाई शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं.ग ३.१ १५१०१०९३२८८०००४१ मा नगदै जम्मा गरेको बैंक भौचरको Scan copy समेत वोलपत्र साथ पेश गर्नुपर्नेछ वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा ७५ दिनम्याद भएको यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानत पत्र (बिडबण्ड) पेश गर्नु पर्नेछ ।

४. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको दरभाउ पत्र उपर कारबाही हुने छैन ।

५. दरभाउ पत्रदाताबाट दरभाउपत्रको उल्लेखित मूल्य परिमाण सूची (BOQ) मा प्रत्येक आइटमको मूल्यअभिबृद्धि कर बाहेकको दररेट भरी नआएमा त्यस्तो दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । औषधीजन्य वस्तुमा मूल्य अभिवृद्धिकर नलाग्ने तर E-BID SYSTEM मा मूल्य अभिवृद्धि कर समावेश भई आएता पनि आर्थिक मूल्यांकन गर्दा मूल्य अभिवृद्धि कर नलाग्ने आइटममा मूल्य अभिवृद्धि कर बाहेकको कवोल अंक गणना गरिनेछ । साथै दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।

६. विल अफ क्वान्टिटीमा उल्लेखित औषधीहरुको परिमाणमा थपघट भएमा दरभाउ पत्र दाताले कवोल गरेको दररेटमा उपलब्ध गराउनु पर्नेछ ।

७. आपुर्तिकर्ताले WHO, GMP बाट मान्यता प्राप्त कम्पनीहरुबाट उत्पादित औषधीहरु मात्र आपूर्ति गर्नुपर्नेछ । नेपालमा उत्पादित बाहेकका कम्पनीहरुबाट उत्पादित औषधी आपूर्ति गर्नु पर्ने भएमा उक्त कम्पनीहरुको WHO, GMP सर्टिफिकेट अनिवार्य पेश गर्नु पर्नेछ ।

८. आपुर्तिकर्ताले आपूर्ति गर्ने औषधीहरु उत्पादन गर्ने कम्पनीको नाम सहतिको सुचि उल्लेख गरी अनिवार्य रुपले पेश गर्नुपर्नेछ । साथै सिलवन्दी दरभाउ पत्रमा छनोट सप्लायर्सले सम्झौता पुर्व प्रत्येक औषधीको नमूना समेत छुट्टै शिलवन्दी गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । नमूना औषधी पेश नगर्ने सप्लायर्स संग सम्झौता गरिने छैन् ।

९. आपूर्ति गरिने औषधी मान्य अवधि (Expiry Date) स्टोर दाखिला भएको दिनबाट कम्तिमा १८ महिना बाँकी भएको हुनु पर्नेछ । १८ महिना भन्दा कम मान्य अवधि भएका औषधीको हकमा स्टोर दाखिला मितिले ७५ प्रतिशत म्याद बाँकी हुनु पर्नेछ ।

१०. आपूर्ति हुने औषधीहरुको स्ट्रीप र वोतलको प्रत्येक प्याकिङ्ग बाहिर उत्पादन मिति, मान्य अवधि (Expiry Date) तथा ब्याच नं. र **"निशुल्क स्वास्थ्य कार्यक्रमका लागि"** भनी अनिवार्य रुपमा प्रिन्ट भएको हुनु पर्नेछ ।

११. यस कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वाआंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. E-Bidding मार्फत दरभाउपत्र पेश गर्ने दरभाउपत्र दाताहरुको कार्यालयबाट बोलपत्र सम्बन्धी सम्पूर्ण कागजातको सक्कलप्रति (HARD COPY) माग भएमा यस कार्यालयमा पेश गर्नुपर्ने छ ।

१३. दरभाउपत्र पेश गर्ने सप्लायर्सहरुले लेटर अफ विड अनिवार्य रुपमा भर्नु पर्ने छ र आफु यो काम गर्न योग्य छु भनि स्वःघोषणा पत्र अनिवार्यरुपमा पेश गर्नु पर्नेछ ।

१४. E- Biddding बाट एक पटक पेश गरेको दरभाउपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा उक्त कार्य E-bidding प्रकृयाबाटै गर्नुपर्ने छ ।

१५ यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएकोमा सार्वजनिक खरिद ऐन, २०६३ र भगवतीमाई गाउंपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ संशोधन सहति र अन्य प्रचलित ऐन कानून अनुसार हुनेछ ।

१६. अन्य कुरा बझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र ९८५८०२०८९९/९८५८०२०७९९ मा सम्पर्क गरी बुझ्न सकिने छ ।

| ठेक्का नम्बंर | कामको विवरण | लागतअनुमान ( मु.अ.क. सहित) | दर भाउपत्र जमानत रकम रु | दर भाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| BRM/GOOD/SQ/ 01/2079/080 | स्वास्थ्य संस्थाहरुका लागि औषधी तथा उपकरण खरिद । | २४,९८,९४६.३० | ६८०००। | १०००। |

प्रमुख प्रशासकीय अधिकृत